# Educational Trip

Resource is a key factor for development. In order to mobilize resource in a proper manner we need correct information, enough knowledge, proper skill and experience. Keeping that in view, DidiBahini has set up District Resource and Learning Centers (DRLCs) in all its operating districts- Kathmandu, Bhaktapur, Parsa and Lalitpur- to facilitate women in developing their learning in these areas. DRLCs are run by DidiBahini Women Forums (WFs) of respective districts.

With the aim of making the WFs share such knowledge, skills, experiences and learning among each other, DidiBahini organized Exposure Visit from 28th to 31st December 2005 in Kathmandu, Lalitpur, and Bhaktapur districts respectively. Women Forums from four districts Parsa, Kathmandu, Lalitpur and Bhaktapur have participated in the visit. About 73 members actively participated in the programme.

WFs were heartedly welcomed in the Anamnagar office where they were honoured by the members and staff of DidiBahini. They exchanged knowledge and views which motivated the members to learn and share among fellow members. The visits began with great enthusiasm and curiosity.

The DRLC host members gave a warm welcome to the guests as the session began. They shared the knowledge on operational modalities of DRLC mechanisms being used in documenting the resources. There was also a presentation on their annual progress report. The host members also shared the work experiences in their villages, such as initiatives taken in women's issues- promotion of income generating activities; marriage

# महिला मन्च

## Mangal Maya Donates Land for Resource Center

## मङ्गलमायाको मङ्गलकर्म

मङ्गलमाया महर्जन यतिबेला तीन तले पक्की घरको कौसीमा बसेर सुकुल, गुन्द्री बुन्दै दिन बिताउनुहुन्छ । केही समय अघिसम्म उहाँ ५५ वर्ष अघि विवाह भएर भित्रनुभएको त्यही जग्गामा रहेको घरमा बस्तै आउनुभएको थियो । ससुराका पनि बुवाले बनाएको त्यो घरको छानो यति पुरानो थियो कि वर्षाको पानी थेग्दैन थियो । पानी रोक्न उहाँले परालका मुठा, टीन जस्ता सामान राख्नु पर्दथ्यो ।

ललितपुर जिल्लाको ठैव गाविसमा जन्मनु भएकी ७५ वर्षे मङ्गलमायाको ललितपुरकै सिद्धिपुरका ज्ञानबहादुर महर्जनसँग विवाह भयो । उहाँहरूका तीन वटा सन्तान भए पनि ती सबैको सानै उमेरमा निधन भयो । उहाँका पतिको दमरोगका कारण १५/२० वर्ष अघि नै निधन भइसकेको छ । एक्ली हुनुभएकाले हेरदेख गरिदिने पनि कोही थिएनन् ।

जेनतेन जिविका चलाउँदै आउनुभएकी उहाँले घर बनाउनसक्ने अवस्था थिएन । यस्तैमा स्थानीय समाजसेवी अष्टमान महर्जन सहित दिदीबहिनी मञ्चका महिला तथा स्थानीय युवाले उहाँको त्यो ढल्नलागेको घर भत्काएर त्यहाँ पुस्तकालयका लागि घर बनाउने प्रस्ताव गर्नुभयो । स्थानीय बासिन्दाको शैक्षिकस्तर उकास्न र सूचना प्राप्तिको अवसर



बढाउने मङ्गलकामका लागि मङ्गलमायाले स्वीकृति दिनुभयो । त्यसैको फलस्वरुप त्यहाँ अहिले तीन तले पक्की घर बनेको छ । त्यस घरको पहिलो तला उहाँले प्रयोग गर्दै आउनु भएको छ । त्यहाँ जनप्रिय पुस्तकालयका साथै **"अव्यक्त शान्ति दिदीबहिनी स्रोत तथा सिकाइ केन्द्र"** सञ्चालन भइरहेका छन् ।

यस्तो पवित्र कामका लागि आफ्नो जग्गा दिने मङ्गलमायाको यतिबेला सर्वत्र प्रशंसा भइरहेको छ । उहाँले आफू साक्षर नभएपनि अरुको शिक्षाका लागि यस्तोसम्म गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्नुभएको छ ।

आफ्ना सन्तान छैनन्, आफू बाचुञ्जेल घुलमिल गर्न पाइने, बस्न पनि पाइने, यहाँ बसेको पुस्तकालय र महिला दिदीबहिनीहरूले काम गर्ने ठाउँका कारणले मेरो शेषपछि पनि नाम रहने भएकाले यो जग्गा दिएकी हुँ- मङ्गलमाया भन्नुहुन्छ ।

उहाँको यस्तो अनुकरणीय कामको कदर गरिनै पर्छ । दिदीबहिनीले त्यसका लागि पहल गरिरहेको छ ।

*(बाँकी आगामी अंकमा)*

**सितु श्रेष्ठ**, जिल्ला सहजकर्ता, ललितपुर

## Girls Trafficking

## चेलीबेटी बेचबिखन तथा ओसार-पसार विश्वकै बिकराल समस्या

चेलीबेटी बेचबिखन तथा ओसारपसार विश्वव्यापी समस्याका रुपमा देखापरेको छ । विकासशील राष्ट्रहरुमा त यसको दुस्प्रभाव अझ बढी छ ।

विश्वमा बार्षिक करिब २० लाख महिला तथा युवती यौन व्यापारका लागि बेचिने गरेका छन् । घरेलु कामदारका लागि पनि महिला तथा युवतीको बेचबिखन तथा ओसार पसार हुँदै आएको छ ।

दक्षिण एशियामा प्रत्येक बर्ष करीब डेढ लाख महिलाहरु यौन व्यापारका लागि बेचबिखन तथा ओसार पसार हुने गरेको पाइन्छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) को प्रतिवेदन अनुसार प्रत्येक बर्ष नेपालबाट १२ हजार महिला र बालबालिका भारत तथा अन्य मुलुकमा बेचिने गरेका छन् ।



केही समय अघिसम्म राजधानी नजिकका जिल्लाहरु मात्र यस समस्याबाट प्रभावित देखिन्थे भने हाल आएर २५ भन्दा बढी जिल्लाहरु चेलीबेटी बेचबिखन तथा ओसार पसारबाट प्रभावित रहेका छन् । राम्रो रोजगारी, सुखमय जीवन तथा बिवाह गर्ने आश्वासन जस्ता प्रलोभन देखाएर उनीहरुलाई आफ्नो वशमा पार्ने गरिएको पाइएको छ ।

संयुक्त राष्ट्रसंघ र सार्क लगायतका सदस्य राष्ट्रहरुले चेलीवेटी वेचविखन विरुद्ध बिभिन्न अभिसन्धीहरुमा हस्ताक्षर गरिसकेका छन्, कानुन वनाइ सकेका छन् तर पनि यो समस्या घट्न सकेको छैन ।

नेपालमा पनि चेलीबेटी बेचबिखन रोक्ने कानुनहरु छन् । जीउ मास्ने बेच्ने (कार्य नियन्त्रण) ऐन- २०४३ अन्तर्गत कुनै पनि तरिकाले मानिस वेचविखन गर्ने ब्यक्तिलाई १० देखि २० बर्ष कैद सजाँय तोकिएको छ । यस्तो काम गर्ने उद्धेश्यले विदेश लैजानेलाई ५ देखि १० बर्षसम्म कैद गर्ने ब्यवस्थासमेत छ । तर पनि प्रभावकारी कार्यान्वयनको अभावमा त्यस्ता काममा संलग्न अपराधीमध्ये धेरै कममात्र कानुनी दायराभित्र पर्ने गरेका छन् । खुला सीमानाको कारण अपराधीहरु भाग्ने तथा अन्य राजनीतिक तथा सामाजिक रुपमा आश्रय पाउने कारणले नै यो प्रक्रियामा नियन्त्रण पाउन मुस्किल देखिएको छ ।
आर्थिक, सामाजिक, राजनैतिक तथा सांस्कृतिक कारणहरु, शिक्षाको कमी, शहरीकरण, विश्वव्यापीकरण यो समस्याका कारक तत्वहरु हुन । यो समस्या समाधान गर्न श्री ५ को सरकारको साथै, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसस र नागरिक समाजको दायित्व अपरिहार्य हुन्छ । सरकारले नीति निर्माण गरेर मात्र समस्याको समाधान हुँदैन । हुन त त्यस समस्या समाधानको लागि बिभिन्न संस्थाहरु लागि परिरहेका छन् तर यो समस्यालाई पूर्णबिराम लगाउन भएर महिला-पुरुषको समान सहभागितामा अझ सशक्त भएर अगाडि बढ्नु पर्ने देखिन्छ ।

चेलीबेटी बेचबिखन र ओसार-पसारको यो बिकराल समस्यालाई मध्यनजर राखेर दिदी बहिनीले गत पौष १६ गते महिला प्रशिक्षण केन्द्र जावलाखेलमा **"चेलीबेटी बेचबिखन तथा ओसार पसार नियन्त्रणमा सरकारी तथा गैरसरकारी संस्थाको भूमिका"** नामक एक अन्तरकिया आयोजना गरेको थियो । कार्यक्रममा चेलीबेटी बेचबिखन तथा ओसार-पसार नियन्त्रणको क्षेत्रमा लामो समयदेखि कार्यरत तुलसालता अमात्यज्यूले बिशेष कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यहाँ पर्सा, काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाबाट आएका बिभिन्न महिला मञ्चका सदस्य तथा दिदीबहिनीका सदस्य, कर्मचारी, यूवामञ्च र सहकर्मी संस्थाका सदस्यहरुकोसहभागिता थियो ।

चेलीबेटी बेचबिखन तथा ओसार पसार नियन्त्रणमा नागरिक स्वयंको ठुलो भूमिका हुन्छ । दिदी बहिनी महिला मञ्चहरुले यो समस्या समाधानमा महत्वपूर्ण भूमिका खेलिरहेका छन् । वहाँहरुलाई थप सशक्त र प्रभावकारी भएर लाग्नको लागि ज्ञान दिने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको थियो ।

## Organization Development Training

## संस्थागत विकास तालिम

दिदी बहिनीको सक्रियतामा काठमाण्डौ, भक्तपुर, ललितपुर र पर्सा जिल्लामा गठित दिदीबहिनी महिला मञ्चमा आबद्ध २८ गाविसका महिलाहरुलाई संस्थागत विकास तालिम दिइएको छ ।

स्थानीय तहमा महिला नेतृत्व विकास, महिलाहरुको राजनीतिक, आर्थिक एवं सामाजिकस्तर उकास्ने र समविकासको लक्ष पूरा गर्ने उद्देश्यले ती जिल्लामा २८ वटा महिला मञ्च गठन गरिएका छन् ।

प्रत्येक जिल्लामा ४/४ दिन सम्बन्धित क्षेत्रका विषेशज्ञ तथा दिदीबहिनीका संयोजकले यो तालिम दिनुभयो । महिलामञ्चलाई दिगो, दह्रो र नियमितरूपले सञ्चालन गर्न आवश्यक पर्ने संगठनात्मक क्षमता अभिवृद्धि तथा महिला मञ्चलाई संस्थागतरूपमा कसरी विकास गर्न सकिन्छ भन्न उद्धेश्य लिएर तालिम संचालन भएको थियो ।

गत कात्तिक र मङ्सिर महिनामा दिइएको तालिम प्रमुख रुपमा वयस्क सिकाई र अनुभवजन्य सिकाईको सिद्धान्तमा आधारित थियो । सहभागितामूलक विधिहरुको प्रयोग गरी विषयवस्तुहरुलाई समेटिएको थियो । सङ्गठन, उत्प्रेरणा, समूह, सञ्चार, सम्झौतावार्ता, कार्यजालो, द्धन्द व्यवस्थापन, बैठक जस्ता विषयमा ज्ञान बढेको कुरा महिलाहरुले बताउनु भयो र आफूले नजानेका कुराहरुको समेत धेरै जानकारी भएको बताउँदै उहाँहरुले अब आफ्ना क्षेत्रमा सशक्तीकरण तथा अन्य अभियान सञ्चालन गर्ने दृढता ब्यक्त गर्नुभयो ।







## Youth Forum

## युथ फोरम

### Youth Contributes to Peace Education

I was very lucky recently to take part in and contribute to a working group meeting on the South Asian User's Kit on Peace Education, on November 26-28 in Colombo, Sri Lanka. Being the only youth participant representing Nepal, it was a great opportunity to learn and share experience. It was the first time I had participated in an international program where I represented the voice of youth. The other participants were from Bangladesh, Sri Lanka, Pakistan and India.

Our meeting was about preparing a user's kit on peace education focused on "South Asia user's kit". Other participants were NGO professionals, with much experience, from the different countries. All of us shared our experiences and had different perspectives on all the topics that were being discussed. Being the only youth among these professionals, it was a great challenge for me to put forward my views. I put my best effort into providing my views and facts of Nepal and DidiBahini.

At first, I was quite nervous when I saw all the participants but, as I spent more days with them, I learned a lot and had a great opportunity to present myself as the single voice of the youth of Nepal and I am very happy to share that moment now. We all discussed the user's kit and agreed on one format. The first time I spoke in the program, I said that whatever I would be sharing would be totally from a youth perspective, because from age and knowledge. It was a golden opportunity to learn about youth activities in different South Asian countries. In all the countries taking part, the participants were of the view that direct youth participation is needed today. I also shared the approach to peace education and that a youth-to-youth approach would be the backbone for creating awareness. I also got the opportunity to give a presentation highlighting the current conflict and peace activities in Nepal. It also included the gist of the direct youth participation and involvement in these activities for conflict and peace. As I was presenting, different questions were raised and I answered all of them confidently.

It was also a great opportunity for me to give an update on conflict and peace in Nepal to the Asian South Pacific Bureau of Adult Education (ASPBAE), the organizers. The presentation seemed to be appreciated by all the participants. It was also quite moving because I included the true life experience of a youth who had suffered in the conflict in our country, and this was appreciated by all the participants. I was very humbled when Mr. Sam, from "Play for Peace" in Pune, gave me a souvenir as recognition of my work and performance as a youth. This was the most memorable moment of my life.

As a part of fulfilling the objectives of the program, I took the responsibility for making a life skills manual and was chosen as the co-ordinator of the program. In most South Asian countries, youth involvement and participation is the



result, which was my learning experience from the working group meeting. In comparison to other countries, Nepal is ahead in this area because we had seen the context and we implemented the program.

We also had a tour of Kandy, a beautiful place in Sri Lanka, as part of our exposure visit. We had a good time and it was great fun and very enjoyable. We also had the opportunity to visit famous religious and cultural places.

Above all if youth are given the right opportunity, they will be effective in achieving results. Didibahini gave me the opportunity of the visit in which I did my best to present the thoughts, feelings and opinions of the youth. I would like to give my heart-felt thanks to Didibahini and all the youth members for this.

Youths are the future of our country so we have to be earnest and conscious of our responsibilities. Opportunity can knock on the door, we have to open it with our heart and find a way, through sincerity and honesty.

Sulav Giri

Resource Center, Bhaktapur

# दिदीबहिनी श्रोत तथा सिकाई केन्द्र भक्तपुर जिल्ला

दधिकोटका महिला आगामी स्थानीय निकायको निर्वाचनमा सबै पदमा महिलालाई नै जिताउन कम्मर कसेर लाग्नुभएको छ । समुहमा रहेर गरिएका कामको सफलताबाट आत्मबल ज्यादै बढेकाले उहाँहरुले यस्तो तयारी गर्नुभएको हो ।

उहाँहरुलाई यस्तो अवस्थामा ल्याइपुऱ्याउन भक्तपुर जिल्लाको दधिकोट- २ पाल्तेटारमा स्थानीय सहभागितामा स्थापित दिदीबहिनी स्रोत तथा सिकाई केन्द्रले सघाएको हो । केन्द्रले उहाँहरुलाई आफ्नो प्रयासबिना खोजेको कुरा पाउन नसकिने हुँदा समूहमा रहेर काम गर्न सिकायो ।

उहाँहरुले दिदीबहिनी संस्थाको पहलमा जीर्ण, वेवारिसे र प्रयोग नभइरहेको एउटा भवनलाई जीर्णोद्धार गरेर त्यहाँ भक्तपुर जिल्लास्तरीय **अव्यक्त शान्ति दिदीवहिनी स्रोत तथा सिकाई केन्द्र** सञ्चालन गर्दै आउनुभएको छ । पाल्तेटार प्राथमिक विद्यालयको त्यो भवन दिदीबहिनी संस्था, जिल्ला विकास समिति, दधिकोट गाविस, अगुवा महिला र युवाहरुको सहयोगमा चिटिक्क पारेर "मैत्री भवन" नामाकरण गरिएको छ ।

यो केन्द्र स्थानीय महिला र बालबालिकाहरुका लागि सूचना, ज्ञान, सीप, अनुभव र सिकाई आदान-प्रदान गर्ने मञ्चका रुपमा विकास भएको छ । यसको स्थापनाबाट दधिकोट, कटुञ्जे, गुण्डू र सिपाडोल गाविसका महिला मञ्चका सदस्यका साथै अन्य बासिन्दा स्थानीय स्रोत पहिचान, परिचालन र सम्बर्द्धन गर्न लागिपर्नुभएको छ ।

स्रोत केन्द्रलाई व्यवस्थित, मर्यादित, अनुशासित र नियमित ढङ्गले सञ्चालन गर्न व्यवस्थापन समितिको बनाइएको छ । साताको ६ दिन निश्चित समयमा खोल्ने व्यवस्था गरिएको छ ।

केन्द्रले स्थानीयतहमा विशेषतः लैङ्गिक समानता र सुशासनका लागि काम गरिरहेको छ । स्थानीय महिलाको सशक्तीकरणका लागि क्षमता अभिबृद्धि, आय-आर्जन, शिक्षा, स्वास्थ्य, सरसफाई, वन व्यवस्थापन, सिलाईकटाई जस्ता तालिम दिइरहेको छ । आय-आर्जनको तालिम लिएका महिलाले तरकारी खेती तथा दूध व्यवसाय, व्यवसायिक फूल खेती र गड्यौले मल बनाउने प्रबिधिबाट जीवनस्तर सुधारेका उदाहरण यहाँ प्रशस्त पाइन्छन् ।

महिलाहरुको क्षमता बढाउन यो स्रोत केन्द्रले बिबिध खाले सूचना तथा ज्ञानबर्द्धक पुस्तकसमेत व्यवस्थित ढङ्गबाट राखेको छ । केन्द्रले युवा, बाल, जेष्ठ नागरिक, अपाङ्गलगायतका समुदायका विभिन्न समुहलाई समेत सेवा पुऱ्याउँदै आएको छ ।

केन्द्रसँग आवद्ध महिलाले स्थानीयस्तरमा जन्म, मृत्यु, बिबाह जस्ता ब्यक्तिगत घटना दर्ताका साथै नाता प्रमाणित एवं नागरिकताको प्रमाण-पत्रको सिफारिस गर्ने काम पनि गर्दै आएका छन् । केन्द्रमा आवद्ध विभिन्न समुहले लागुपदार्थ सेवन, तास जुवा, धुम्रपान विरुद्ध को अभियानको लागि





पहल गर्दै आएका छन् । घरेलु हिंसा हटाउन घरदैलो कार्यक्रम, बालबालिकालाई बिद्यालय पठाउन अभिभावकहरुलाई उत्प्रेरित गर्ने कामलाई पनि केन्द्रले निरन्तरता दिइरहेको छ ।

स्थानीय बिद्यालय ब्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समुह, बचत तथा ऋण समुहहरुमा महिलाको सहभागितामा उल्लेख्य बृद्धि भएको छ । कतिपय समुह पुरै महिलाले मात्र सञ्चालन गरेका छन् । खानेपानी, बाटोघाटो मर्मत गर्ने जस्ता काममा समेत महिलाहरु लागिरहेका छन् ।

**केदारप्रसाद बाँस्कोटा**
जिल्ला सहजकर्ता
दिदी बहिनी, भक्तपुर ।

## Glimpse of Activities

Training on People Based Development for Women Forum of 28 VDCs of Four Districts.

Sharing on Women's Rights to information through District Resource and Information Centre.

Training on Preformance Management for DidiBahini staff.

Training on Stretegic Planning for DidiBahini staffs and members.

Participation of four DidiBahini Youth Forum members in the Conference on Peace and Justice in Mumbai.

Participation of a DidiBahini Youth Forum member in the International Youth Volunteerism Summit 2006 held in Chicago USA.

STAMP HERE